**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २५३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज ११ गते आइतबार ❑ 27 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## संयुक्त राष्ट्रसङ्घको महासभामा सहभागिताले नेपालको प्रतिष्ठा अभिवृद्धि

**रासस**
काठमाडौं, ११ असोज

प्रधानमन्त्री वालेन्द्र शाहले संयुक्त राष्ट्रसंघको ८१औँ महासभामा सम्बोधन तथा महासभाअन्तर्गतका कार्यक्रममा नेपालको सक्रिय सहभागिताले अन्तरराष्ट्रिय मञ्चमा नेपालको छवि एवं प्रतिष्ठा अभिवृद्धि भएको बताइएको छ ।

प्रधानमन्त्री शाह महासभामा सहभागी भई शनिबार स्वदेश फर्कनुभएको छ । उहाँको भ्रमणबारे त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा जानकारी दिनुहुँदै परराष्ट्र मन्त्रालयका निमित्त सचिव गणेशप्रसाद ढकालले महासभामा नेपालको सक्रिय सहभागिताले अन्तरराष्ट्रिय मञ्चमा मुलुकको प्रतिष्ठा अभिवृद्धि भएको बताउनुभयो ।

प्रधानमन्त्री शाह संयुक्त राष्ट्रसंघको ८१औँ महासभाको उच्चस्तरीय सप्ताहमा सहभागी हुन यही असोज ६ गते संयुक्त राज्य अमेरिकाको न्युयोर्क प्रस्थान गर्नुभएको थियो । उक्त उच्चस्तरीय सप्ताह सेप्टेम्बर २२ देखि २८ सम्म न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघको मुख्यालयमा आयोजना भइरहेको छ ।

प्रधानमन्त्री शाहले महासभाको 'जनरल डिबेट' मा २४ सेप्टेम्बर २०२६ मा सम्बोधन गर्नुभएको थियो । उक्त सम्बोधनका क्रममा उहाँले गत महिना भोटेकोशीमा गएको विनाशकारी बाढीलाई जलवायु सङ्कटको गम्भीर प्रभाव तथा विश्वका लागि चेतावनीका रूपमा प्रस्तुत गर्नुभएको निमित्त सचिव ढकालले बताउनुभयो । प्रधानमन्त्री शाहले उक्त विपद्बाट भएको ठूलो जनधनको क्षति, भौतिक पूर्वाधार तथा जनजीविकामा परेको असरबारे विश्वसमुदायको ध्यानाकर्षण गराउनुभएको थियो ।

सो अवसरमा प्रधानमन्त्री शाहले जलवायु परिवर्तनका कारण हिमाली पारिस्थितिक प्रणालीमा परेको असर तथा हिमनदी र 'पर्माफ्रस्ट' पग्लिँदै जाँदा हिमपहिरो, बाढी र पहिरोलगायत विपद्को जोखिम बढ्दै गएको बताउनुभएको उहाँले जानकारी दिनुभयो । सम्बोधनका क्रममा प्रधानमन्त्री शाहले जोखिमयुक्त हिमतालको निगरानी, पूर्वसूचना प्रणालीको सुदृढीकरण र विपद्का समयमा सीमापार समन्वयका लागि 'हिमालयन क्लाइमेट रेजिलेन्स मेकानिज्म' स्थापना गर्न प्रस्ताव गर्नुभएको थियो ।

साथै प्रधानमन्त्री शाहले 'यो विश्व बुद्धले देखाएको बाटोमा हिँड्न सकोस्' भन्दै विश्व शान्तिको आह्वान गर्नुभएको निमित्त सचिव ढकालले बताउनुभयो। भ्रमणका क्रममा प्रधानमन्त्री शाहले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेससँग भेटवार्ता गर्नुभएको थियो । भेटका क्रममा महासचिव गुटेरेसले भोटेकोशी विपद्मा भएको जनधनको क्षतिप्रति गहिरो समवेदना व्यक्त गर्दै जलवायु मुद्दामा संयुक्त राष्ट्रसङ्घ नेपालसँग ऐक्यबद्ध रहेको बताउनुभएको थियो । प्रधानमन्त्री शाहले नेपालप्रतिको सद्भावका लागि महासचिव गुटेरेसलाई धन्यवाद दिँदै उहाँको सफल कार्यकालका लागि बधाई दिनुभएको थियो । भोटेकोशी विपद्बाट नेपालले ठूलो क्षति बेहोरेको उल्लेख गर्दै प्रधानमन्त्री शाहले हिमताल फुट्ने जोखिम अझै उच्च रहेको बताउनुभएको उहाँले बताउनुभयो । यसैगरी, प्रधानमन्त्री शाहले अस्ट्रेलियाका प्रधानमन्त्री एन्थनी एल्बानिजसँग भेटवार्ता गर्नुभएको थियो । उक्त अवसरमा द्विपक्षीय हितका विविध विषयमा छलफल भएको थियो ।

उक्त महासभाको क्रममा आयोजना हुने अतिकम विकसित मुलुक, भू-परिवेष्टित विकासोन्मुख मुलुक, असंलग्न मुलुक, जि-७७ र चीन लगायत मन्त्रिस्तरीय बैठकमा परराष्ट्रमन्त्री शिशिर खनाल सहभागी भइरहनुभएको निमित्त सचिव ढकालले बताउनुभयो ।

साथै, संयुक्त राष्ट्रसङ्घले आयोजना गरेका अन्य उच्चस्तरीय छलफल तथा साइड इभेन्टमा पनि मन्त्री खनालले सम्बोधन गरिरहनुभएको छ । परराष्ट्रमन्त्री खनालले छिमेकी मुलुकलगायत विभिन्न मित्रराष्ट्रका समकक्षी तथा संयुक्त राष्ट्रसंघका उच्चस्तरीय पदाधिकारीहरूसँग भेटवार्ता गरिरहनुभएको छ ।

## सेतीको बहाव बढेर रामघाटमा ताल बनेपछि उच्च सतर्कता



**पोखरापत्र संवाददाता**
पोखरा, १० असोज

पोखराको मध्यभाग भएर बग्ने सेती नदीको रामघाटमा अविरल वर्षाले ताल बनेपछि सो क्षेत्रमा सतर्कता अपनाइएको छ ।

रामघाटमा पानीको सतह बढ्दै जाँदा नदी किनारमा रहेका पोखरा-९ र पोखरा-११ का सुकुमवासी बस्ती, रामघाट, शान्तिघाट तथा बौद्ध गुम्बाका शवदाह गृहहरूसमेत जलमग्न भई जोखिममा परेका छन् ।

सेतीमा पानीको बहाव बढेर रामघाटमा ताल बनेपछि त्यस वरपरको सुकुमवासी बस्तीमा सुरक्षाकर्मी परिचालन गरी सतकर्ता अपनाइएको र प्रहरीले निरन्तर निगरानी गरिरहेको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङको नेतृत्वमा जिल्ला सुरक्षा समितिका पदाधिकारीले रामघाट वरपरको क्षेत्रको स्थलगत अनुगमन गर्नुभएको छ। "विगतमा जस्तै पानीको उच्च बहावले ताल बने पनि अहिल्यै आत्तिनुपर्ने अवस्था नभएको स्वयं स्थानीयले बताएका छन् । हामीले सुरक्षाकर्मी परिचालन गरी पूर्वसावधानी र जोखिम मुल्याङ्कन गरीरहेका छौँ । अहिलेको अवस्था हेर्दा आतङ्कित हुनेभन्दा सतर्क र सचेत बन्नु आवश्यक छ । खतरा हुने वित्तिकै नदीको वारी र पारी दुवैतर्फ रहेका बस्तीहरू सुरक्षित स्थानमा छौँ", सहायक प्रजिअ बरालले भन्नुभयो ।

बजारको मध्य भाग भएर बग्ने नदीको बहाव रोकिएर ताल बनेपछि पोखरेली भने त्रसित छन् । यसैगरी अविरल वर्षाका कारण जिल्लामा केही ग्रामीण सडकहरू भने अवरुद्ध भएका छन् । कास्कीको अन्नपूर्ण गाउँपालिका-८ स्याउली बजारमा मोदी खोलाले सडक कटान गर्दा नयाँपुल-बिरेठाँटी-घान्द्रुक सडक अवरुद्ध भएको छ ।

मोदीले शुक्रबार साँझ स्याउली बजारमा १० मिटर सडक कटान गरेको गाउँपालिका प्रवक्ता भरतमान गुरूङले जानकारी दिनुभयो । उहाँका अनुसार सडक अवरुद्ध हुँदा पर्यटकीय क्षेत्र घान्द्रुकको पोखरासँगको सम्पर्क विच्छेद छ ।

## पहिरोका कारण कोरला सडक अवरुद्ध

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १० असोज

लगातार परेको वर्षाका कारण जोमसोम-कोरला सडक शनिबारदेखि अवरुद्ध भएको छ।

जोमसोम-कोरला नाका जोड्ने सडकखण्डको तीन स्थानमा पहिरो खसेपछि सडक अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ । कोरला नाका जाड्ने जोमसोम-कोरला राष्ट्रिय राजमार्गअन्तर्गत बारागुङ मुक्तिक्षेत्रको चैले गाउँभन्दा माथि कालोभीर, कागबेनीदेखि ताङ्वे सडक र उपल्लोमुस्ताङकोलोघेकरदामोदरकुण्ड-२ घमीस्थित सेल्फीडाँडा सडकमा पहिरो खसेपछि सडक अवरुद्ध हुन पुगेको हो । प्रहरी निरीक्षक सन्तोष बस्यालका अनुसार लोघेकर दामोदरकुण्ड-२ घमीस्थित सेल्फीडाँडाको अवरुद्ध सडकको पहिरो पन्छ्याइए पनि चैलेस्थित कालोभीर सडक र कागबेनी-ताङ्वे सडकमा पहिरोका कारण सडक अवरुद्ध भइरहेको जानकारी दिनुभयो ।

कागबेनी-ताङ्वे सडकमा पहिरो खसेपछि प्रहरीचौकी कागबेनीको टोली त्यसतर्फ प्रस्थान गरिसकेका प्रहरी निरीक्षक बस्यालले उल्लेख गर्नुभयो।पहिरोकाकारणजोमसोम-कोरला सडक अवरुद्ध भएसँगै चीनसँग आयात निर्यातमा समस्या देखिएको छ ।

प्रहरी निरीक्षक बस्यालका कारण कोरलानाकातर्फ मालसमान ढुवानी गर्न गएका र ढुवानी गरी फर्किएका कन्टेनर पहिरोले अवरुद्ध भएको स्थानमा अलपत्र परेका छन् । यसैगरी, अविरल वर्षाका कारण वारागुङ मुक्तिक्षेत्र-१ स्थित कागबेनी-मुक्तिनाथ सडकको खिङ्गामा पहिरो खसेर सडक अवरुद्ध भए पनि त्यहा डोजर परिचालन गरी सडक सञ्चालन गरिएको त्यहाँका वडाध्यक्ष प्रमेश गुरुङले जानकारी दिनुभयो ।

शुक्रबार रातिको अविरल वर्षाका कारण बेनी-जोमसोम सडकखण्डकोआधादर्जनस्थानमा पहिरो खसेकाले सडक अवरुद्ध भएको बेनी-जोमसोम-कोरला सडकका आयोजना प्रमुख तेजस्वी शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार निरन्तर परेको वर्षाले बेनी-जोमसोम सडकको घाँसा बगर खोल्सामा सडक अवरुद्ध भइरहेको छ भने काभ्रेभीरमा सडक माथिबाट ढुङ्गा खस्ने क्रममा जारी रहेको छ ।

आयोजना प्रमुख शर्माका अनुसार म्याग्दीको सिरुवारी, तातोपानी, रूपसे र पोखरेबगरलगायत स्थानमा सडक माथि पहिरो खसेकाले सडक अवरुद्ध बनेको हो । वर्षाका कारण सडक अवरुद्ध भएपछि चीनबाट पैठारी गरिएका सयौँ विद्युतीय सवार ासाधन जोमसोममा रोकिएका छन् । जिल्ला प्रशासन कार्यालय मुस्ताङले सम्भावित विपद् जोखिमको संवेदनशीलाई मध्यनजर गर्दै दिउँसोका समयमा यातायातका साधन नचलाउन अनुरोध गरेको छ ।

## आगामी महाधिवेशन हाम्रो परीक्षाको घडी हो: संयोजक डा कोइराला

**रासस**
काठमाडौं, १० असोज

नेपाली कांग्रेसको संस्थापन इतर समूहका संयोजक डा शशाङ्क कोइरालाले नेपाली कांग्रेसको आगामी १५औँ महाधिवेशन आफूहरुको परीक्षाको घडी भएको बताउनुभएको छ ।


महाराजगञ्ज-चुनदेवीस्थित सम्पर्क कार्यालयमा शनिबार आयोजित पत्रकार सम्मेलनमा संयोजक डा कोइरालाले भन्नुभयो, "यो हाम्रा लागि परीक्षाको समय पनि हो, यो अधिवेशनलाई त्यसैले हामीले अत्यन्त महत्वपूर्ण रुपमा लिएका छौँ र हामी सबै मिलेर सँगै अघि बढौँ भन्ने पनि चाहेका छौँ ।"

यही असोज १६ देखि १९ गतेसम्म १५औँ महाधिवेशन गर्ने कार्यतालिकासहित नेपाली कांग्रेसको निर्वाचन प्रक्रिया अघि बढिरहेको अवस्थामा इतर समूहले पत्रकार सम्मेलन गरी संस्थापन पक्षीय महाधिवेशनमा सहभागी नभई कांग्रेसकै नाममा अलग्गै महाधिवेशनमा जाने बताएको हो । कांग्रेस पार्टीका पूर्वसभापति शेरबहादुर देउवासहित वरिष्ठ नेतासमेत सो समूहमा आबद्ध हुनुहुन्छ ।

पार्टीको मङ्सिरमा हुने १५औँ महाधिवेशनमा आफूहरू नयाँ जोश र जाँगरका साथ जान लागेको बताउँदै संयोजक डा कोइरालाले भन्नुभयो, "हामी अत्यन्त गम्भीरतापूर्वक सोचेर अगाडि बढेका छौँ, हामी के चाहन्छौँ भने सबै साथै हिडौँ । सबै सँगै हिडौँ ।"

उहाँले नेपाली कांग्रेस नेपालको सबैभन्दा पुरानो प्रजातान्त्रिक र बलियो विचार भएको पार्टी हो भन्नुभयो । प्रजातान्त्रिकआन्दोलनकोपक्षमा सदैव उभिँदै आएको पुरानो पार्टीका रुपमा स्थापित कांग्रेस अब नयाँ सोच र जोशका साथ अघि बढ्ने उहाँले स्पष्ट गर्नुभयो । संयोजक डा कोइरालाले महाधिवेशनलाई सफल बनाउन सबैको साथ र सहयोगको अपेक्षा गरिएको पनि बताउनुभयो ।

सो अवसरमा नेपाली कांग्रेसका पूर्वप्रवक्ता एवं इतर समूहका नेता डा प्रकाशशरण महतले केन्द्रीय महाधिवेशन आगामी मङ्सिर २१, २२ र २३ गते काठमाडौँमा हुने जानकारी दिनुभयो । उहाँका अनुसार वडा तहको अधिवेशन यही असोज १५ गतेदेखि सुरु हुने कार्यतालिका रहेको छ ।



# पोखरामा सीएफमोटोको थ्रीएस आउटलेट

पोखरापत्र संवाददाता
पोखरा, १० असोज

प्रिमियम मोटरसाइकल ब्रान्ड सीएफमोटोले पोखराको बिक्री, सर्भिस र स्पेयर पार्ट्ससहितको ३एस (सेल्स, सर्भिस एन्ड स्पेयर पार्ट्स) आउटलेट सञ्चालनमा ल्याएको छ।

ऋषि ट्रेड सेन्टर (आरटीसी)को आधिकारिक वितरणमा रहेको सीएफमोटोको नयाँ आउटलेट हिमालय अटो नेक्सस प्रालिले शनिबारदेखि सञ्चालनमा ल्याएको हो।

बुद्धचोकमा रहेको सोरूम र शिवचोकमा रहेको सर्भिस सेन्टरको उद्घाटन पोखरा उद्योग वाणिज्य संघकी अध्यक्ष शोभा गौतमले गर्नु भयो। समारोहमा पश्चिमाञ्चल अटोमोबाइल्स डिलर्स एसोसियसन (वाडा) का अध्यक्ष दीपेन्द्र कोइराला, पोखरा उद्योग वाणिज्य संघका सदस्य केशव ढकाल लगायतको विशेष उपस्थिती रहेको थियो। उक्त अवसरमा कम्पनीले आठ थान मोटरसाइकल ग्राहकलाई हस्तान्तरण गरेको जनाएको छ। आरटीसीका महाप्रबन्धक उज्ज्वल जोशीका अनुसार उद्घाटनको अवसरमा सीएफमोटोका मोटरसाइकल खरिद गर्ने ग्राहकलाई २० हजार रुपैयाँसम्म नगद छुटका साथै निःशुल्क हेल्मेट र ह्यान्डगार्ड उपलब्ध गराइएको छ। 'उद्घाटन अवसरमा ग्राहकलाई विशेष अफर दिएका छौं,' उहाँले भन्नुभयो, '२५० ड्युअलमा पाँच वर्षको इन्जिन वारेन्टी र फाइनान्सबाट मोटरसाइकल खरिद गर्दा न्यूनतम ४० प्रतिशत भुक्तानीमा बाइक लिन सकिने व्यवस्था गरेका छौं।'



नयाँ आउटलेटबाट सीएफमोटोका मोटरसाइकल बिक्रीसँगै नियमित सर्भिसिङ, प्राविधिक जाँच, जेन्युइन स्पेयर पार्ट्स, टेस्ट राइड तथा बिक्रीपछिको सेवा उपलब्ध हुने कम्पनीले जनाएको छ। पोखरा हुँदै हिमाली तथा उच्च पहाडी क्षेत्रमा मोटरसाइकल यात्रा गर्ने ग्राहकलाई बिक्रीपछिको सेवा र प्राविधिक सहयोग सहज बनाउने उद्देश्यले ३एस आउटलेट सञ्चालनमा ल्याइएको हो। ५ लाख ७४ हजार देखि १३ लाख ८९ हजार मुल्यका मोटरसाइकल उपलब्ध भएको कम्पनीले जनाएको छ। आरटीसीका सेल्स हेड विभव कार्कीका अनुसार पोखरा प्रिमियम तथा एड्भेन्चर मोटरसाइकलका लागि विस्तार हुँदै गएको बजार हो। 'पोखरा गण्डकीको प्रमुख व्यावसायिक र पर्यटन केन्द्र मात्र होइन, हिमाली तथा उच्च पहाडी गन्तव्यतर्फ जाने मोटरसाइकल यात्राका लागि पनि महत्त्वपूर्ण प्रवेशद्वार हो,' कार्कीले भन्नुभयो 'त्यसैले यहाँ बिक्रीसँगै सर्भिस र जेन्युइन स्पेयर पार्ट्सको सुविधा दिनु आवश्यक देखेर ३एस आउटलेट सञ्चालनमा ल्याएका हौं।' सीएफमोटोका नेपालमा २५० ड्युअल ईएफआई, ४५० एमटी, ४५० सीएल-सी, ४५० सीएल-सी बोबर र ४५० एसआर-एसलगायत मोडल बिक्री हुँदै आएका छन्। कम्पनीले विशेषगरी एड्भेन्चर तथा प्रिमियम मोटरसाइकल सेग्मेन्टमा आफ्नो बजार विस्तार गरिरहेको जनाएको छ। हिमालय अटो नेक्सस प्रालिका सञ्चालक महेश श्रेष्ठले पोखरा तथा गण्डकी प्रदेशका ग्राहकलाई बिक्रीसँगै सेवा र प्राविधिक सहयोग उपलब्ध गराउने उद्देश्य रहेको बताउनु भयो। उक्त सोरूमबाटै निकट भविष्यमै जिहो ब्रान्डको इलेक्ट्रिक स्कुटरको पनि बिक्री सुरू गर्ने उहाँले जनाउनु भयो। कम्पनीले आगामी दिनमा देशका प्रमुख सहरमा बिक्री, सर्भिस र स्पेयर पार्ट्सको नेटवर्क विस्तार गर्ने जनाएको छ।



फेवाताल किनारमा थन्काएर राखिएका डुङ्गा : लगातारको वर्षाले पर्यटकीय गतिविधि प्रभावित बनेपछि शनिबार पोखरास्थित फेवाताल किनारमा थन्काएर राखिएका डुङ्गा। पर्यटकीय याम सुरू भइसक्दा पनि वर्षाका कारण पोखरामा पर्यटकको चहपहल देखिएको छैन। तस्बिरः राम थापा/रासस

# मौसम प्रतिकूलता भएसँगै मुस्ताङको पर्यटन क्षेत्र प्रभावित

पोखरापत्र संवाददाता
मुस्ताङ, १० असोज

मौसम प्रतिकूलता भएसँगै धार्मिक तथा पर्यटकीय जिल्ला मुस्ताङ सुनसान बन्दै गएको छ। निरन्तरको वर्षासँगै बाढीपहिरोको बढ्नुका साथै कतिपय स्थानमा राजमार्ग अवरुद्ध हुँदा यहाँको पर्यटन क्षेत्र प्रभावित भएको हो।

गत भदौ १० गते रसुवाको भोटेकोशीमा आएको विनासकारी बाढीले प्रभावित भएको मुस्ताङको पर्यटन अहिलेको पर्यटकीय याममा मौसम प्रतिकूलता हुँदा प्रभावित भएको छ। विगतका वर्षहरूमा अनुकूलयामसँगै दसैंतिहार जस्ता चाडपर्व अघि पर्यटकीय आगमन बढी हुने मुस्ताङमा बिहीबारदेखि सुनसान बनेको यस क्षेत्रका जानकारहरू बताउँछन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, मौसम विज्ञान विभाग र मौसम पूर्वानुमान महाशाखाले ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई असोज ८ गतेदेखि ११ गते भारी वर्षा र हिमपात हुनसक्ने भन्दै पूर्वतयारीसहित सर्तक रहन निर्देशन गरेसँगै सम्बन्धित सबै स्थानीय प्रशासनले उक्त समय जोखिम न्यूनीकरणका लागि पर्यटक तथा सर्वसाधरणलाई सूचित गराइसकेका छन्। वर्षा र हिमपातको पूर्व प्रक्षेपण तथा यात्रामा आउन सक्ने समस्या र कठिनाइलाई मध्यनजर गर्दै मुस्ताङमा न्यून सङ्ख्यामा मात्रै पर्यटक भित्रिएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ। वर्षा र हिमपातको प्रक्षेपणसँगै बिहीबारदेखि बेनी-जोमसोम-कोरला सडकखण्डमा चार दिनसम्म रातिको समयमा सवारीसाधन सञ्चालन नगर्न म्याग्दी र मुस्ताङका स्थानीय प्रशासनले आग्रह गरेका छन्।

प्रतिकूल मौसमका कारण हुनसक्ने सम्भावित जोखिमलाई मध्यनजर गरी आवागमन रोकिएपछि मुस्ताङमा पर्यटकको उपस्थिति कम देखिएको जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी सन्तोष बस्यालले जानकारी दिनुभयो।

मौसम प्रतिकूलताको सूचनालाई केन्द्रविन्दुमा राखेर यहाँ पर्यटक आगमन घटेको हुनसक्ने उहाँको भनाइ छ। केही दिनअघि औसत दैनिक चार हजारभन्दा बढी पर्यटक बेनी-जोमसोम सडकमार्ग हुँदै मुस्ताङ भित्रिने गरेकामा बिहीबारदेखि करिब २० प्रतिशत पर्यटक मात्र सडकमार्ग हुँदै मुस्ताङ भित्रिरहेका प्रहरी निरीक्षक बस्यालले जानकारी दिनुभयो। पर्यटकको उपस्थिति कम हुँदै गएपछि यहाँका होटलहरू प्रायः सुनसान बनेका छन्। यसैगरी मुक्तिनाथ मन्दिरमा समेत दर्शनार्थी नआउँदा सुनसान भएको मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेश भुसालले बताउनुभयो। उहाँका अनुसार रसुवा बाढीपछि गत साउनमा भन्दा भदौमा ४९ दशमलव ७८ प्रतिशतले पर्यटक घटेका प्रहरीको तथ्याङ्कमा देखिएको प्रहरी निरीक्षक बस्यालले जानकारी दिनुभयो। यसैबीच रसुवामा बाढीपछिपोखरा-जोमसोम हवाई पनि उडान घटेको छ। विगतका वर्षहरूमा सोही समयमा दैनिक १० भन्दा बढी हवाई उडान हुने गरेकामा पछिल्लो एक महिनायता दैनिकी दुई-तीन उडान मात्र भइरहेका नागरिक उड्यन कार्यालयका प्रमुख विश्वराज शर्माले जानकारी दिनुभयो। रसुवा बाढी घटनापछि मुस्ताङ आउने पर्यटकले होटल बुकिङ रद्द गर्न तालेकाले त्यसको असर पोखरा-जोमसोम हवाई सेवामा परेको उहाँको भनाइ छ। बिहीबार हवाई सेवाअन्तर्गत निजी वायु सेवा कम्पनी तारा र समिट एयरले एक/एक उडान गरेकामा शुक्रबार मौसम प्रतिकूलताका कारण कुनै नभएको प्रमुख शर्माले जानकारी दिनुभयो।

# भुपु विन्ध्यवासिनी मञ्चमा पुनःबरुवाल

पोखरापत्र संवाददाता
पोखरा, १० असोज

लोक गीत तथा संगीतका सर्जक पुर्ण नेपाली पोखरामा सम्मानित भएका छन्।

पोखराको बाटुलेचौरमा रहेको भुतपुर्व विन्ध्यवासिनी विद्यार्थी मञ्चले २७ औं बार्षिकोत्सव एवं नवौं अधिवेशनका अवसरमा नेपाली लोक गीत तथा सङ्गीत क्षेत्रमा विशिष्ट योगदान पुर्याएको भन्दै, नेपालीलाई सम्मान गरेको हो। सोही अवसरमा स्वास्थ्यतर्फ डा. सुवास बस्नेत र शिक्षातर्फ प्रविनबाबु भट्टराई पनि सम्मानित भए। उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि विन्ध्यवासिनी मा.विका प्राचार्य कृष्ण प्रसाद आचार्य र मञ्चका अध्यक्ष हरिबहादुर बरुवालले सम्मानपत्रसहित दोशल्लाले सम्मान गरे। कार्यक्रममा प्रतिकुल मौषमका कारण बस्नेत र भट्टराई अनुपस्थित थिए। बाटुलेचौरमै जन्मिएर विन्ध्यवासिनी माविबाट शिक्षा आर्जन गरेका सम्मानित परियार पेसागत रूपमा सङ्गीतकार र नृत्य प्रशिक्षकका रूपमा परिचित भए पनि गायनमा समेत दख्खल राख्छन्। उनले आहा कलिलो तामालाई, सोह्र बर्से उमेरैमा र कस्की छोरी हौ तिमी,जस्ता धेरै कालाजयी तथा चर्चित लोकभाकामा स्वर र सङ्गीत दिएका छन्। हालसम्म स्वदेश तथा विदेशका बिभिन्न स्थानमा पुगेर उनले



करिब ५०० भन्दा बढी साङ्गीतिक तथा सांस्कृतिक प्रस्तुतिहरू दिएका छन्। सम्मानपछि कार्यक्रममा बोल्दै प्रमुख अतिथि विन्ध्यवासिनी मा.विका प्राचार्य आचार्यले यस क्षेत्र शिक्षामा मात्र कला, संस्कृति र संगीतका क्षेत्रमा पनि अब्बल रहेको बताए। उनले बिभिन्न क्षेत्रमा योगदान पुर्याउने यस्ता मुर्धन्य व्यक्तिको सम्मानले स्वयं संस्था नै सम्मानित भएको बताए। कार्यक्रममा सम्मानित व्यक्तित्व पुर्ण नेपालीले आफु जन्मिएको र अध्ययन गरेको क्षेत्रमा सम्मानित हुन पाउँदा गर्व लागेको अनुभव सुनाए। उनले विगत ५७ बर्षदेखि आफु काठमाण्डौंमा रहेपनि यस क्षेत्रमा निरन्तर आउँजाउँ गरिरहेको र त्यस अवसरमा यहाँका लोक गीत तथा संगीतलाई पनि निरन्तरता दिएको बताए। पूर्व राज परिवारका सदस्यहरूलाई समेत संगीत अद्यापन गराएका उनले लोक सस्कृति र संगीतको विकासमा सबै पक्षको ध्यान जानु आवश्यक रहेकोमा जोड दिए। शुक्ला साहित्य प्रतिष्ठानका अध्यक्ष दुर्गादेवी बस्नेतले मञ्चले गरेका बिभिन्न कार्यक्रम अरु संस्थाका लागि पनि अनुकरणीय रहेको बताईन्।

कार्यक्रम कै अवसरमा मञ्चलाई सहयोग गर्ने एस एल सी व्याच २०४८ र कल्याण गुरुङसहितका सहयोगीलाई पनि सम्मान गरिएको थियो। मञ्चका अध्यक्ष हरिबहादुर बरुवालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष सञ्जय बस्नेत र संचालन सचिव भीमबहादुर गायकले गरेका थिए। यसैबिच मञ्चको नवौं अधिवेशनले पुनः बरुवालको अध्यक्षतामा ११ सदस्यीय समिति चयन गरेको छ। मञ्चको उपाध्यक्षमा सञ्जय बस्नेत, सचिवमा माधव तिमिल्सेना,सहसचिवमा डा.ई महेन्द्र बानियाँ र कोषाध्यक्षमा रिता तिमिल्सीना चयन भए। मञ्चको सदस्यमा एकराज नेपाली,कृष्ण थापा,सुर्य बहादुर गायक,मिनुका भुजेल,सृजना थापा र शकुन्तला केसी छन्।

निर्वाचन समिति संयोजक नरनाथ भट्टराई तथा सदस्यहरू दयाशंकर अधिकारी र कुलबहादुर खत्रीको संयोजनमा अधिवेशन सम्पन्न भएको थियो।

# विश्व फार्मासिस्ट दिवसमा अस्पताल फार्मेसीको भूमिका र विपद् तयारीबारे अन्तरक्रिया

पोखरापत्र संवाददाता
पोखरा, १० असोज

विश्व फार्मासिस्ट दिवसको अवसर पारेर पोखरामा अस्पताल फार्मासिस्टको भूमिका, अनुभव, चुनौती तथा आपत्कालीन एवं विपद् व्यवस्थापनसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

दिवसको अवसर पारि नेपाल फार्मास्युटिकल एसोसिएसन (एनपिए) गण्डकी प्रदेशले 'स्वस्थ भविष्यका लागि फार्मासिस्टलाई सशक्त बनाऊँ' भन्ने नारासहित कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा सहभागी विभिन्न अस्पतालका फार्मेसी इन्चार्जहरूले बाढी-पहिरो लगायत विपद्का समयमा औषधि व्यवस्थापन, आकस्मिक औषधिको मौज्दात, जनशक्ति तथा तालिम, आपूर्ति व्यवस्थापन र अस्पताल फार्मेसीका चुनौती तथा अनुभवहरू प्रस्तुत गरेका थिए।



कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि पोखरा विश्वविद्यालय, स्वास्थ्य विज्ञान संकायका निमित्त डिन डा. गुलाम महोबत खानले फार्मेसी शिक्षालाई व्यवहारमुखी बनाउँदै आपत्कालीन तथा विपद् व्यवस्थापनसम्बन्धी अभ्यासलाई प्राथमिकतामा राख्नुपर्ने बताएका थिए। एनपिए गण्डकीले अस्पताल फार्मासिस्टहरूलाई एकै ठाउँमा ल्याई अनुभव आदानप्रदान तथा अन्तरक्रियाका लागि गरेको पहलको प्रशंसा गरेका थिए।

कार्यक्रमका विशेष अतिथि गण्डकी विश्वविद्यालयका रजिस्ट्रार डा. ढाकाराम भण्डारीले आपतकालीन तथा विपद् व्यवस्थापनका लागि फार्मेसी शिक्षामा सैद्धान्तिक ज्ञानसँगै व्यावहारिक अभ्यास र प्रत्यक्ष अनुभवसमेत समेटिएको पाठ्यक्रम आवश्यक रहेको बताए। विपद्का समयमा औषधि व्यवस्थापन, आपूर्ति तथा स्वास्थ्य सेवामा फार्मासिस्टको भूमिका प्रभावकारी बनाउन शैक्षिक तहदेखि नै तयारी गर्नुपर्नेमा भण्डारीले जोड दिएका थिए।

निभिक्स फार्मास्युटिकलका प्रबन्ध निर्देशक इन्द्र बानियाँले आपत्कालीन तथा विपद्का अवस्थामा औषधि तथा स्वास्थ्य सामग्रीको निरन्तर आपूर्ति सुनिश्चित गर्न औषधि उद्योगको महत्वपूर्ण भूमिका रहेको बताए। आगामी दिनमा आपत्कालीन अवस्थामा औषधि उत्पादन, आपूर्ति तथा आवश्यक स्वास्थ्य सामग्री व्यवस्थापनमा उद्योग क्षेत्रले गर्न सक्ने योगदानका विषयमा आफ्नो भनाइ राखेका थिए।

एनपिए गण्डकी प्रदेश अध्यक्ष प्रकाश पौडेलले अस्पतालमा कार्यरत फार्मासिस्टहरूसँग नजिकबाट सहकार्य गर्दै तालिम, कार्यशाला तथा क्षमता अभिवृद्धिका कार्यक्रममार्फत फार्मास्युटिकल सेवालाई थप प्रभावकारी बनाउने उद्देश्यसहित कार्यक्रम आयोजना गरिएको बताए। विभिन्न अस्पतालमा कार्यरत फार्मासिस्टबीच सम्बन्ध र सहकार्य विस्तार गरी अनुभव आदानप्रदानका लागि सञ्जाल निर्माण गर्नुपर्नेमा जोड दिएका थिए। फार्मेसी पेसाका विभिन्न विधा तथा क्षेत्रमा कार्यरत जनशक्तिको सीप, क्षमता र पेसागत सशक्तीकरणका लागि एनपिए गण्डकी सधैँ सहकार्य गर्न तयार रहेको पौडेलले बताएका थिए।

एनपिए गण्डकीका उपाध्यक्ष नवराज बास्तोलाले स्वागत मन्तव्य राखेको कार्यक्रम सञ्चालन सदस्य अमृता अधिकारीले गरेकी थिइन्।

जापानिज भाषा प्रशिक्षक आवश्यकता

**जापानिज भाषा प्रशिक्षक १ जना** आवश्यक भएकोले इच्छुक व्यक्तिवाट वायोडाटा समेतको निवेदन ९८४६४३४३०८ WhatsApp नम्बरमा असोज महिना २० गतेभित्र पठाउन आव्हान गरिन्छ। तलव र अन्य कुरा आपसी छलफलवाट तय गरिनेछ। विस्तृत जानकारीको लागि तपसिलको नम्बरमा सम्पर्क राख्नुहुनेछ।

**प्रिन्सीपल**
**फुजि जापानिज भाषा केन्द्र**
**चिप्लेढुंगा, पोखरा**
**(ट्रेडमल नजिकको रत्न इम्पोरियमको अपोजिट साइड)**
**सम्पर्क नम्वरः ९८४६४३४३०८**

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ। – अज्ञात

## सम्पादकीय

# संयुक्त राष्ट्रसंघमा नेपालले जलवायु न्यायका लागि उठाएको आवाज

प्रधानमन्त्री वालेन्द्र शाहले संयुक्त राष्ट्रसंघको ८१ औं महासभामा हिमाली सुनामीको विध्वंसको चित्रण गरेका छन।नेपालले उठाउनुपर्ने जलवायु न्यायप्रति विश्वको ध्यानाकर्षण गराएका छन । प्रधानमन्त्री शाहको सम्बोधनमा नेपालले उठाउनै पर्ने मुद्दा भएकाले सकारात्मक छ। देशभित्र सराहना गरिएको छ । राष्ट्र संघको इतिहासमा नेपालले लगातार उठाएको विषयमा स्पष्ट दृष्णिकोण रहेको छ । विश्वका शक्तिशाली देशहरुले गरेको कामलाई सजिलोसँग बुझाउन अहिले हतियार ७२ घन्टामा विश्वको कुनै पनि ठाउँ पुऱ्याउन सकिने तर किसानले मौसमी बालीका लागि मल समयमा पाउन नसक्ने उदाहरण दिएका छन ।

यो धनी र शक्तिशालीले गर्दै आएको व्यबहार हो। प्रधानमन्त्री शाहको संयुक्त राष्ट्र महासभामा गरिएको सम्बोधनमार्फत् नेपाल, भारत र चीन संलग्न हिमालयन जलवायु उत्थानशीलताका लागि साझा संयन्त्रको पनि प्रस्ताव गरिएको छ । यस्तो संयन्त्रका सम्बन्धमा छिमेकीहरूसँग पूर्वविमर्श गरेपछि मात्र अन्तर्राष्ट्रिय समुदायसँग साझा गरिनु उपयुक्त कूटनीतिक कदम हुनसक्थ्यो। प्रधानमन्त्रीले साइडलाईन बैठक गरेर कुटनैतिक कदम चाल्नुपर्ने थियो ।त्यसमा कमि भएको छ।अनुभवको कमि, सल्लाहकार खारिएको नहुनु र कुटनिति भन्दा ताली पिट्ने र सिठी फुक्ने रोजाइले गर्दा शक्तिशाली राष्ट्रका कानमा पुऱ्याउन सकेनौ। नेपालमाथि जलवायु अन्यायमा परेको छ।

नेपाललाई नखाएको विष लागेको छ। नेपालले न्यायका लागि उठाएको आवाजलाई शक्तिले कमजोर ठान्न हुँदैन । भौतिक शक्तिका दृष्टिबाट नेपाल कमजोर देखिएला तर मुद्दाले बलियो हो।यसलाई विश्वले गम्भीरतापूर्वक लिओस भन्ने हो भने देशभित्र आर्थिक, सामाजिक र राजनीतिक न्याय बलियो बनाएर नैतिक शक्ति आर्जन गर्नुपर्छ। सरकार चलाउँदा गरिबलाई गरेको ब्यवहार र उद्धार र राहतमा अपनाएको शैलीका बारेमा सोच्नुपर्छ । हामीले कमजोरी हटाउने प्रतिबद्धता चाहिन्छ।

देशभित्र सामाजिक र वातावरणीय न्यायको रक्षा गरेमात्र अन्तर्राष्ट्रिय समुदायसँग न्याय माग्ने नैतिक हक हुन्छ। आफूले गर्न सक्ने पनि नगर्नेलाई विश्वले गम्भीरतापूर्वक लिन्छ भन्न सकिन्न । संयुक्त राष्ट्रसंघमा उठाएका विषय भाषामा सफल र सामाजिक संजालमा रमाएर पुग्दैन । अब कार्यान्वयनका क्रममा प्रकट हुने कूटनीतिक धैर्य र अन्तरिक सुशासन कस्तो हुन्छ त्यसैमा आधारित भएर हेरिनेछ।

# पहिरोका कारण म्याग्दीका १९ घरमा क्षति

पोखरापत्र संवाददाता
म्याग्दी, १० असोज

पछिल्लो तीन दिनदेखिको निरन्तरको झरीका कारण म्याग्दीको जनजीवन प्रभावित भएको छ।

झरीसँगैको बाढी पहिरोले ग्रामीण बस्तीको जिल्ला सदरमुकाम बेनी बजारको सम्पर्कबिच्छेद भएको छ। ग्रामीण क्षेत्रमा विद्युत् आपूर्ति प्रभावित भएको छ । म्याग्दी, राहुघाट र कालीगण्डकी नदीमा बाढीको सतह बढेपछि सर्तकता अपनाइएको छ।

जिल्ला प्रशासन कार्यालय म्याग्दीका सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यका अनुसार आज साँझसम्म पहिरोका कारण १९ घरमा क्षति पुगेको छ। पाँच वटा गोठ भत्किँदा तीन वटा भैँसी मरेका छन् । अठ्ठाइस घरपरिवारलाई सुरक्षित ठाउँमा सारिएको जनाएको छ । मङ्गला गाउँपालिका-२ रनवाङका तीन र सात परिवारका १३ जनालाई स्थानान्तरण गरिएको छ । रनवाङमा दुई घरमा क्षति पुगेको छ । मङ्गला-५ को घेगरेमा छ घरपरिवारलाई आमा समूहको भवनमा राखिएको छ।

अन्नपूर्ण गाउँपालिका-५ किन्दुमा दुई घर भत्किएको र एक भैँसी पुरिएको छ भने दुई घरपरिवारलाई सुरक्षित ठाउँमा सारिएको छ। वडा नं ८ राम्चेको धारापानी क्षेत्रमा पहिरा जाँदा चार घरपरिवार जोखिममा परेका छन्। मालिका गाउँपालिका-५ मा एक गोठमा क्षति र एक घर जोखिममा परेको छ । बेनी नगरपालिका-१ रत्नेचौरमा एक/एक घर भत्किएको र जोखिम तथा दुई घर विस्थापित भएका छन् । वडा नं २ बालडाँडामा पहिरोले दुई घर, एक गोठ र दुई भैँसीको क्षति भएको छ भने दुई वटा घर स्थानान्तरण भएका छन् ।

वडा नं ३ भकिम्लीमा पहिरोका कारण सात वटा घर, तीन वटा गोठ र दुई वटा भैँसीको क्षति भएको छ। सात घरपरिवारलाई सुरक्षित ठाउँमा स्थानान्तरण गरिएको छ। बेनी नगरपालिका-४ ज्याम डाँडाखेतमा क्षति पुगेका चार घरका सदस्यलाई सुरक्षित ठाउँमा सारिएको छ । प्राकृतिक उपचार स्थल तातोपानी कुण्डको भवनमा पहिरोले क्षति गरेको छ। बेनी नगरपालिका-५ चिप्लेटीमा एक घर क्षति भएको छ। वडा नं ६ अर्थुङ्गेमा चार घर जोखिममा परेका छन् । रघुगङ्गा गाउँपालिका-६ पाखापानी बस्तिमा पाखोबाट भलबाढी पसेर क्षति पुगेको छ।

म्याग्दीको मुख्य बेनी-जोमसोम, बेनी-दरबाङ र बेनी पाखापानी सडक पहिरो, कटान र बाढीका कारण अवरुद्ध भएका सहायक प्रजिअ आचार्यले बताउनुभयो । वर्षात् रोकिएपछि स्थानीय तह, बेनी-जोमसोम-कोरला सडक योजना र पूर्वाधार विकास कार्यालयमार्फत अवरुद्ध सडक मर्मत गरिने प्रशासनले जनाएको छ।

# पाखोलाई भकिम्लीका रुचाल दम्पत्तीले हराभरा बनाए

पोखरापत्र संवाददाता
म्याग्दी, १० असोज

कुनै समय कोदो र मकै फल्ने यहाँको बेनी नगरपालिका-३ भकिम्लीको गुफास्थित पाखोबारी तीन वर्षअघिसम्म बाँझिएर झाडीले ढाकिएको थियो । घरदेखि टाढा, मजदुरको अभाव र खेती गर्न बढ्दै गएको कठिनाइका कारण खेतबारीमा अन्न लगाउन छाडेपछि पाखोमा पाती, वनमारा र बिलाउनी उम्रिएका थिए।

अहिले त्यही झाडीले ढाकेको पाखोमा हरियाली छाएको छ। बारीका कान्लामा ओखरका बिरुवा हुर्किएका छन् भने ओखरको बगैँचाभित्र बन्दा लहलहाएका छन् । बेमौसमी आलुका लागि छुट्टै बारी तयार छ । करिब एक दशकसम्म बाँझिएको पाखोबारीलाई पुनःखेतीयोग्य बनाएर हराभरा बनाउने काममा जुट्नुभएको छ, भकिम्लीका राम र पार्वती रुचाल दम्पती। रुचाल दम्पतीले स्थापना गरेको बेविका कृषि तथा पशुपक्षी फार्ममार्फत पुर्ख्यौली १४ रोपनी जग्गाका अतिरिक्त थप छ रोपनी जग्गा भाडामा लिएर व्यावसायिक खेती भएको छ। खेतीयोग्य जमिन विस्तारसँगै उहाँहरूले फरक-फरक ठाउँमा फलफूल तथा तरकारी खेतीलाई अघि बढाउनुभएको छ।

"घरदेखि टाढा भएकाले मजदुर अभाव हुँदा मल बोक्न, बाली लगाउन र स्याहार्न समस्या हुन्थ्यो," पार्वतीले भन्नुभयो, "त्यसैले गुफाको पाखोबारीमा करिब एक दशकसम्म कोदो र मकै खेती गर्न छाडेका थियौँ । खेती हुन छाडेपछि पाखो पाती, वनमारा र बिलाउनीको झाडीले भरिएको थियो । झाडी फाँडेर ओखर खेती गरेपछि अहिले पुरानै अवस्थामा फर्किएको छ।"

समुद्री सतहदेखि एक हजार आठ सय मिटर उचाइमा रहेको गुफामा रुचाल दम्पतीले ३५० वटा दाँते जातका ओखरका बिरुवा रोप्नुभएको छ। भकिम्लीमा व्यावसायिक रूपमा ओखर खेती सुरु गर्ने आफूहरू पहिलो कृषक भएको रुचालको भनाइ छ। यसअघि उक्त क्षेत्रमा घरायसी प्रयोजनका लागि मात्र ओखर खेती हुने गरेको थियो।

ओखरका बिरुवासँगै बारीको खाली ठाउँको उपयोग गर्दै उहाँहरूले बर्खायाममा बन्दा खेती गर्नुभएको छ । गत वर्ष पोखरा लगेर रु एक लाख ५० हजार बराबरको बन्दा बिक्री भएको थियो। यस वर्ष पनि सोही क्षेत्रफलमा बन्दा लगाइएको छ। पछिल्लो समय भइरहेको झरीका कारण उत्पादन भएको बन्दा बजारसम्म पुऱ्याउन समस्या भएको रामले बताउनुभयो । "उत्पादन राम्रो छ, बजार पनि छ तर अहिले झरीका कारण बारीबाट बजारसम्म तरकारी पुऱ्याउन समस्या भएको छ," उहाँले भन्नुभयो । रुचाल दम्पतीले छ रोपनी क्षेत्रफलमा बेमौसमी आलु खेती गर्नुभएको छ । हिउँदे आलु कात्तिक-मङ्सिर र फागुनमा बर्खे आलु रोपिन्छ। कात्तिकमा भित्र्याउने गरि भदौको पहिलो साता आलु रोप्नुभएको थियो । आलु, बन्दा र ओखरको बगैँचामा 'मल्चिङ' प्रविधि अपनाइएको छ । झार उम्रिन नदिने, बारी सफा राख्ने तथा बिरुवालाई आवश्यक पोषण र चिस्यान कायम राख्न प्लास्टिकले छोपेर मल्चिङ गरिएको हो । मल्चिङ गरेपछि झार नियन्त्रण हुनुका साथै खेतीको स्याहार गर्न सहज भएको रुचालको अनुभव छ।

गुफाको पाखोबारीमा ओखर र तरकारी खेतीसँगै रुचाल दम्पतीले भकिम्लीमा सुन्तला र थाममा खुर्सानी खेती पनि गर्नुभएको छ । दुई रोपनी क्षेत्रफलमा लगाइएको खुर्सानी बिक्रीका लागि तयार हुँदैछ। गण्डकी प्रदेश सरकारले सञ्चालन गरेको पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनाको सहयोगमा ३०० बोट सुन्तला लगाइएको छ।

यसअघि धान, गहुँ, मकै र कोदो उत्पादन हुने खेतबारीमा सुन्तलाको बगैँचा विस्तार गरिएको हो। फरक-फरक स्थानमा रहेका फार्ममा दम्पती आफैँ खटिनुहुन्छ। खेतीको काम बढेका बेला स्थानीय मजदुरलाई रोजगारी दिने गरिएको छ।

बयालिस वर्षीय रुचाल दम्पतीका लागि कृषि उद्यम केवल आम्दानीको माध्यम मात्र होइन, गाउँमै बसेर आत्मनिर्भर बन्ने प्रयास पनि हो। रोजगारी र अवसरको खोजीमा युवा तथा श्रमशक्ति सहर र विदेशतर्फ केन्द्रित भइरहेका बेला उहाँहरूले भने पुर्ख्यौली जग्गालाई उपयोग गर्दै गाउँमै भविष्य खोज्नुभएको छ । कृषि फार्मबाट तीन छोराछोरीको पठनपाठन र घरव्यवहार चलाउँदै आउनुभएका रुचाल दम्पती ओखर र सुन्तलाले उत्पादन दिन थालेपछि आम्दानी थप बढ्ने आशामा हुनुहुन्छ । "अहिले खेतीमा मेहनत र लगानी धेरै छ। ओखर र सुन्तलाले उत्पादन दिन थालेपछि आम्दानी राम्रो हुने आशा छ," रामले भन्नुभयो।

रुचाल दम्पतीको प्रयासले बाँझिएको जमिनको उपयोग मात्र भएको छैन, स्थानीयस्तरमै कृषि उद्यमको सम्भावना पनि देखाएको बेनी नगरपालिका-३ का वडाध्यक्ष पदम पुनले बताउनुभयो । "मेहनत र लगन गर्न सके गाउँमै राम्रो सम्भावना छ भन्ने उदाहरण रुचाल दम्पतीले देखाउनुभएको छ," उहाँले भन्नुभयो । कृषकलाई उत्पादनतर्फ आकर्षित गर्न वडा, नगरपालिका, कृषि विकास कार्यालय, पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (नाफा) र राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनामार्फत विभिन्न कार्यक्रम सञ्चालन गरिएको वडाध्यक्ष पुनले बताउनुभयो । उहाँका अनुसार भकिम्लीका विभिन्न बस्तीलाई फरक-फरक कृषि उत्पादनको केन्द्रका रूपमा विकास गर्ने गरी कार्यक्रम अघि बढाइएको छ । राखु, मरेक, पानीस्वाँरा र चिनाखेतमा सुन्तला, भकिम्ली र चिखाखेतमा अकबरे खुर्सानी, भकिम्ली, डोले र मुसुङमा किवी, भुकभुके क्षेत्रमा आलु, डाँडाखानी र हल्लेगौँडामा बाख्रा तथा दुधेखोलामा कुखुरापालनसम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ।

बाँझिएको पाखोमा उम्रिएका झाडी फाँडेर सुरु भएको रुचाल दम्पतीको कृषि यात्रा अहिले ओखर, सुन्तला, तरकारी र अन्य कृषि उत्पादनसम्म फैलिएको छ। वर्षौंसम्म उत्पादनविहीन बनेको पाखोमा पुनः हरियाली फर्काएर उहाँहरूले श्रम र माटोबीचको सम्बन्धलाई पुनर्जीवित मात्र गर्नुभएको छैन, गाउँमै केही गर्न सकिन्छ भन्ने सम्भावनालाई पनि व्यवहारमै देखाउनुभएको छ।

# साल्ट ट्रेडिङ कर्पोरेशनको सुपथ मूल्य पसल : उपभोक्ताको आकर्षण

पोखरापत्र संवाददाता
बागलुङ, १० असोज

साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडद्वारा दशैं, तिहार तथा छठपर्वलाई लक्षित गरी सञ्चालन गरिएको सुपथ मुल्य पसलले उपभोक्तालाई राहत मिलेको छ।

कर्पोरेशनले जिल्लामा यही असोज ५ गते सोमबारदेखि चाडपर्व लक्षित सुपथ मूल्य पसल सञ्चालनमा आएको आएपछि उपभोक्ताको भीड नै लागेको छ । दैनिक ५०० जनासम्म उपभोक्ता सुपथ मुल्य पसलमा आउने गरेको पाइएको छ । साल्ट ट्रेडिङ कर्पोरेसन बागलुङ शाखाले सहुलियत मुल्यमा चिनी, नून, दाल, चिउरा,मैदा, तोरीको तेल र आटाको सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको हो ।

उपभोक्ता सन्जय शर्माले चाडपर्वका मुखमा उपभोक्तालाई खाद्य पदार्थमा केही सहुलियत दिएपछि राहत मिलेको बताउनुभयो। नजिकिँदै गरेको दशैं, तिहार, छठलगायत ठूला चाडपर्वमा नागरिकलाई सहुलियतका लागि बागलुङ नगरपालिका-४ उपल्लाचौर स्थित कार्यालयमा सुपथ मूल्य पसल सञ्चालन ल्याइएको साल्ट ट्रेडिङ कर्पोरेसन बागलुङका कार्यालय प्रमुख मनोजकुमार श्रेष्ठले जानकारी दिनुभयो। कार्यलयले हरेक वर्ष सुपथ मूल्य पसल सञ्चालनमा ल्याउने गरेको छ । सुपथ मुल्यसँगै गुणस्तरीय समाग्रीका लागि उपभोक्ता लाइनमा बसेरै खाद्य सामग्री खरिद गर्न थालेका छन् ।

बजारमा मुल्य वृद्धि भइरहेको चिनी, नुन तथा तेललगायतका उपभोग्य बस्तु सरकारी निकायले छुट सुविधासहित दिएपछि उपभोक्ता लामबद्ध भएर खरिद गर्न व्यस्त छन् ।

उपभोक्तालाई बिलसहित कारोवार गरिरहेको छ । पसलबाट ग्राहकले सुपथ मूल्यमा नुन, चिनी, खाने तोरीको तेल तथा आटा खरिद गर्न सक्ने प्रमुख श्रेष्ठले बताउनुभयो । पसल आगमी कात्तिक ३० गतेसम्म सञ्चालनमा रहने जनाइएको छ।

# आदर्श सहकारीको १९ औं साधारणसभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १० असोज

आदर्श बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-१३, आर्वाको १९ औं वार्षिक साधारण सभा शनिवार सम्पन्न भएको छ।

साधारण सभाको उद्घाटन सहकारीका जेष्ठ सदस्य कृष्णप्रसाद बरालले गरेका थिए। सभामा बोल्दै प्रमुख अतिथि बरालले बहुसंख्यक आर्वालीहरुको लगानीमा सञ्चालित आदर्श सहकारी सुरक्षित, शेयर सदस्य मैत्री तथा सामाजिक क्षेत्रमा पनि अब्बल रहेको आफुले पाएको बताए । कार्यक्रममा विशेष अतिथि संस्थापक अध्यक्ष कृष्णप्रसाद बरालले सहकारीले गरेको आर्थिक गतिविधि तथा कारोवार हेर्दा सन्तुष्ट भएको सुनाए। विशेष अतिथि संस्थाका निवर्तमान अध्यक्ष राजेन्द्रप्रसाद बरालले सहकारी समस्या ग्रस्त नरहेको भन्दै सहकारी ऐन, निति नियम कार्यविधिमा रहेर




सञ्चालन भएका कारण ढुक्क भएर ब्यवसाय सञ्चालन गर्न आव्हान गरे । सल्लाहकार रामशरण बराल तथा पूर्व उपाध्यक्ष कोपीला बराल लगायतले कार्यक्रममा शुभकामना मन्तब्य ब्यक्त गरेका थिए । सहकारीका अध्यक्ष सूर्यप्रसाद बरालको अध्यक्षतामा भएको कार्यक्रममा अध्यक्ष बराल द्वारा प्रस्तुत वार्षिक प्रतिवेदन, सचीव घनश्याम बराल द्वारा प्रस्तुत सचीवको प्रतिवेदन, कोषाध्यक्ष श्रीप्रसाद बराल द्वारा प्रस्तुत आर्थिक प्रतिवेदन तथा लेखा सुपरिवेक्षण समितिका संयोजक कृष्णराज बराल द्वारा प्रस्तुत गरिएको लेखा प्रतिवेदन सर्वसम्मत रूपमा पारित गरिएको थियो। सो अवसरमा सहकारीले हरेक वर्ष प्रदान गदै आएको ८४ वर्ष उमेर पुगेका जेष्ठ नागरीक सम्मान २०८३ बाट यस वर्ष कृष्णप्रसाद सिग्देललाई सम्मानित गरिएको थियो। कार्यक्रममा पूर्व व्यवस्थापक रमा अधिकारीलाई पनि सम्मानित गरिएको थियो।

त्यस्तै असल कारोबारी तर्फ नवराज बराल, सकुन्तला चौधरी, लिलाकुमारी शर्मा, चन्द्रकला खत्री र प्रविण खत्रीलाई पुरस्कार प्रदान गरियो भने कक्षा १२ मा उत्कृष्ट अंक ल्याई उतीर्ण हुने शेयर सदस्यका छोरा / छोरी मध्येबाट यसवर्ष खुशीहरि घिमिरे, बन्दना कुईकेल, मन्दिपा बराल, सोमिता बराल, सुनिक्षा सुवेदी तथा मन्दिप दहाललाई पुरस्कृत गरियो।

साधारण सभामा सहकारीमा रिक्त रहेको लेखा सुपरिवेक्षण समितिको संयोजकमा बिष्णुप्रसाद बराल तथा सदस्यमा सुदर्शन बराललाई नियुक्त गरिएको थियो । शिक्षा उपसमितिका संयोजक विनमबन्धु बरालले सहकारीका सात सिद्धान्त वाचन गरेको कार्यक्रममा उपाध्यक्ष लक्ष्मी सुवेदी बरालले स्वागत तथा सचीव घनश्याम बरालले कार्यक्रमको सञ्चालन गरेका थिए।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : शुभ यात्रा | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाब |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# पछिल्लो विपद्‌बाट छ जनाको मृत्यु

रासस
काठमाडौं, १० असोज

अविरल वर्षाका कारण यही असोज ८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायत विपद्मा परी हालसम्म छ जनाको मृत्यु भएको छ।

विपद्‌बाट बागमती र लुम्बिनी प्रदेशमा दुई/दुई, गण्डकी र कर्णालीमा एक/एक जनाको मृत्यु भएको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिनुभयो।

बाढीपहिरोमा परी दुई जना घाइते भएका छन् । घाइतेका लागि स्थानीय अस्पताल उपचार भइरहेको छ । प्रहरीले ४०७ जनाको उद्धार गरेको छ।

# कृषि पर्यटनबाट समृद्धिको अभियानमा लमजुङको पुमा गाउँ

**वासुदेव पौडेल**
लमजुङ, १० असोज/रासस

कृषिप्रतिको अनिच्छासँगै गाउँ तथा बस्तीहरू उजाडिँदै गएका अवस्थामा लमजुङ जिल्लाको बेँसीसहर नगरपालिका-६ स्थित पुमा गाउँ कृषि पर्यटनबाट समृद्धि खोज्नेतर्फ अग्रसर देखिन्छ । स्थानीयवासीको सङ्गठित प्रयाससँगै यहाँका ५४ घरधुरी पुमा एग्रो प्रालिमा आबद्ध हुँदै बाँझो तथा प्रयोगविहीन जमिन एवम् स्थानीय जनशक्तिको अधिकतम उपयोग गर्दै कृषि पर्यटनलाई एकीकृत रुपमा विकास गर्ने अभियानमा जुटेका हुन् ।



समुन्द्री सतहदेखि करिब एक हजार ६०० मिटरको उचाइमा रही अन्नपूर्ण र मनास्लुलगायत हिमशृङ्खलाहरूको सुन्दर दृश्यावलोकन गर्न सकिने यो गाउँमा कृषि पर्यटनका माध्यमबाट स्थानीयवासीको आयआर्जन अभिवृद्धि गराउँदै अधिकतम पर्यटकहरू आकर्षित गर्ने लक्ष्य राखिएको पुमा एग्रो प्रालिका अध्यक्ष बोबरजङ्ग गुरुङले जानकारी दिनुभयो ।

पुमा गाउँमा यसअघि नै सामुदायिक घरबास 'होमस्टे'को पूर्वाधार विकास भइसकेको बताउँदै उहाँले भौगोलिक एवम् प्राकृतिक रुपमा कृषि, पशुपालन तथा पर्यटनका लागि सम्भावनायुक्त क्षेत्र भए पनि पर्याप्त लगानी, आधुनिक कृषि प्रविधि, पूर्वाधार, बजार व्यवस्थापन तथा जनशक्ति अभावका कारण यो क्षेत्रपछि परेको उहाँले बताउनुभयो । "गाउँमा रहेको ठूलो भूभाग खेतीयोग्य भए पनि पूर्ण रुपमा उपयोग गर्न नसकिएको वास्तविकतामा यसलाई कृषि पर्यटनका माध्यमबाट उपयोग गर्न खोजिएको हो," उहाँले भन्नुभयो । उहाँका अनुसार पुमा एग्रो प्रालिमार्फत यहाँको करिब एक हजार ४०० रोपनी जग्गा (भूमिदान, खरिद र भाडामा लिएर) लाई चरणबद्ध रुपमा उपयोग गर्ने योजना अघि सारिएको छ । सदरमुकाम बेँसीसहरबाट जम्मा १० किलोमिटरको दूरीमा पुमा गाउँ रहेको छ । यहाँको जग्गालाई चरणबद्ध रुपमा उपयोग गर्दै कफी, आरुबखडा, टिमुर, तरकारी तथा अन्य स्थानीय उत्पादनको व्यावसायिक खेती विस्तार गर्ने लक्ष्य राखिएको छ ।

त्यस्तै, मौरीपालन, स्थानीय प्रजातिका कुखुरा, बाख्रा तथा भैँसीपालन र स्थानीय उत्पादनमा आधारित भान्साघर सञ्चालन गरी उत्पादनदेखि बजारसम्मको मूल्य शृङ्खला निर्माण गर्ने योजना राखिएको छ । भूमि उपयोग योजनाअन्तर्गत कफी र आरुबखडा बिरुवा एक हजार रोपनीमा लगाइने बताउँदै उहाँले टिमुर र मौरीपालन २०० रोपनीमा गर्न लागिएको बताउनुभयो ।

त्यस्तै, कुखुरा र पशुपालन एक सय रोपनीमा, भान्सा घर र तरकारी एक सय रोपनीमा विस्तार गरिने गुरुङले जानकारी दिनुभयो । यस वर्षदेखि सुरु गर्न लागिएको परियोजनाअन्तर्गत उत्पादनका लागि पाँचवर्षे योजना अघि सारिएको छ । संस्थाले कफी खेतीका लागि पहिलोदेखि पाँचौँ वर्षसम्म क्रमशः १० हजार, २० हजार, २० हजार र ३० हजार गरी ५० हजार कफीका बोट लगाउने लक्ष्य राखेको छ । आरुबखडा पाँच वर्षमा हरेक वर्ष दुई/दुई हजार गरी १० हजारको सङ्ख्यामा लगाउने योजना राखेको छ भने टिमुर हरेक वर्ष चार/चार सय बोटका दरले दुई हजार लगाउने योजना छ । त्यस्तै, पाँच वर्षमा सुरुको वर्ष ५० वटा मौरीघार वितरण गरिने र त्यसपछि तीन वर्ष १००/१०० घार तथा पछिल्लो वर्ष १५० वटा मौरी घार वितरण गर्ने योजना छ । स्थानीय जातका कुखुरापालनका लागि पहिलो दुई वर्ष दुई हजार ४००, तेस्रो वर्ष तीन हजार र पछिल्ला दुई वर्ष तीन हजार ६०० सङ्ख्यामा पालिने उल्लेख गरिएको छ । त्यस्तै, दुहुनो भैँसी दोस्रो वर्षदेखि दुई/दुई वटा र पछिल्ला दुई वर्ष तीन/तीन वटा तथा दुहुनो बाख्रा दोस्रो र तेस्रो वर्ष ३०/३० वटा चौथो र पाँचौँ वर्ष ५०/५० वटा थप्ने योजना छ । परियोजनाअन्तर्गत सबै कामका लागि रु चार करोड २४ लाख लागत अनुमान गरिएको अध्यक्ष गुरुङले बताउनुभयो । प्रालिका सञ्चालक सदस्य एवम् कार्यपालिका सदस्य सुकमाया गुरुङका अनुसार परियोजनाअन्तर्गत कृषि पर्यटनका माध्यमबाट युवा तथा महिलालाई उद्यमी बन्न प्रेरित गर्ने, स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने, कृषि उत्पादन वृद्धि, स्थानीय अर्थतन्त्रको विकास गर्ने लक्ष्य राखिएको छ । बाँझो जमिनको सदुपयोग, गाउँबाट हुने बसाइँसराइ न्यूनीकरण गर्दै सहर झरेका स्थानीयलाई गाउँमा बसाइँ फर्काउने अभियानका साथ यो पहल गरिएको उहाँले जानकारी दिनुभयो । गाउँमा २०७५ सालदेखि घरबास कार्यक्रम पनि सञ्चालन भइरहेको उल्लेख गर्दै उहाँले परियोजनाको सुरुआतीमा भान्छाघर निर्माण गरी त्यसलाई सञ्चालन गरिने बताउनुभयो । संस्थाले आगामी पाँच वर्षमा २७ जनालाई स्थायी र धेरैलाई अस्थायी रोजगारी प्रदान गर्ने तथा स्थानीय युवा र महिला किसानका साथै समुदायलाई समेत उद्यमसँग जोड्ने लक्ष्य लिएको छ ।

यस परियोजनालाई दीर्घकालीन रुपमा कृषि, पशुपालन, मौरीपालन, कृषि प्रशोधन, भान्सा घर तथा होमस्टे सञ्चालन र पर्यटनलाई एकै ठाउँमा जोडिएको नमूना एकीकृत कृषि उद्यमका रुपमा विकास गर्ने परिकल्पना रहेको उहाँको भनाइ छ । अध्यक्ष गुरुङका अनुसार यस गाउँमा स्थानीयले विगत चार वर्षयता आरुबखडाको वाइन, जुस, जाम आदि बनाउने प्रयास थालिसकेका छन् । परियोजनाअन्तर्गत आरुबखडाको खेती विस्तार गर्दै यसबाट बन्ने वाइन, जुस, जामलगायत परिकारहरू बनाइने उहाँले बताउनुभयो । आरुबखडासहित यसबाट बन्ने परिकारका साथै स्थानीय उत्पादनलाई 'ब्रान्डिङ' गरी बजारमा प्रतिस्पर्धी र उच्च मूल्य प्राप्त गर्ने कृषि उद्यम निर्माण गर्ने लक्ष्य राखिएको उहाँले बताउनुभयो । गाउँमा आउने पर्यटकलाई स्थानीय उत्पादनकै परिकार खुवाउनाका साथै यहाँबाट जाँदा लैजाने कोसेली पनि गाउँमा नै तयार गर्ने लक्ष्य राखिएको छ । गाउँमा उत्पादित आरुबखडा, कफी, टिमुर, तरकारी, मह, दूध, मासु तथा स्थानीय कुखुराको बजारीकरणलाई पनि व्यवस्थित बनाउने गरी सोच अघि बढाइएको उहाँले बताउनुभयो । कृषि पर्यटनका माध्यमबाट स्थानीय उत्पादन वृद्धि हुनाका साथै रोजगारी सृजना, स्थानीय आय वृद्धि, बाँझो जमिनको प्रयोग र गाउँको समग्र विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । स्थानीय कृषक तथा समुदायलाई आधुनिक कृषि प्रविधि, सीप र उद्यमशीलतासँग जोड्नाका साथै कृषि, पशुपालन, मौरीपालन र ग्रामीण पर्यटनलाई जोडेर कृषि पर्यटनको नमूना गन्तव्य विकास गर्ने लक्ष्य लिइएको छ । परियोजना सम्पन्न भएपछि प्रालिमार्फत हुने नाफाको २० प्रतिशत रकमको कल्याणकारी कोष स्थापना गरिने अध्यक्ष गुरुङले जानकारी दिनुभयो । यो कोष एकल महिला/पुरुष, गरिब तथा जेहेन्दार प्रतिशत मुनाफा गाउँमा बस्ने प्रत्येक घरधुरीलाई दामासाहीले पुमा गाउँ टोल सुधार समितिको सिफारिसमा वितरण गरिनेछ । परियोजना आर्थिक रुपमा सम्भावनायुक्त, सामाजिक रुपमा उपयोगी, वातावरणीय रुपमा दिगो र स्थानीय विकासका दृष्टिले महत्वपूर्ण रहेको हुँदा सम्बन्धित सरकारी निकायहरूबाट आवश्यक साथ र सहयोग प्राप्त हुने विश्वास लिइएको उहाँले बताउनुभयो । पुमा गाउँ टोल सुधार समितिका अध्यक्ष गणेशकुमार गुरुङका अनुसार पुमा गाउँ कृषि पर्यटनसँगै धार्मिक पर्यटनमा पनि उत्तिकै सम्भावना बोकेको गाउँ हो । गाउँको सिरानमा रहेको कन्यादेवी मन्दिर यहाँको प्राचीन धार्मिक महत्वको तीर्थस्थलका रुपमा रहेको उहाँले बताउनुभयो । कृषि पर्यटनको विकाससँगै यस मन्दिरको धार्मिक महत्वलाई समेत जोड्दै धार्मिक पर्यटनको गन्तव्यका रुपमा पनि विकास गर्न सकिने बताउँदै उहाँले मन्दिरमा पूजापाठ गर्नाले मनोकामना पूरा हुने विश्वास रहेको जानकारी दिनुभयो । उक्त विश्वास व्यवहारमा नै परिणत भएको प्रत्यक्ष देखे भोगेको उहाँको अनुभव छ ।

यहाँ घरबासमा आउने पर्यटकलाई स्थानीयले गाउँमा नै उत्पादन भएका परिकार खुवाउने गरेका छन् । कोदोको ढिँडो, रोटी, लोकल कुखुराको मासु, स्थानीय मदिरा, रातो भट्ट, मकै, फर्सी, बन्दा, काउली, ब्रोकाउली, आलुलगायत कृषिजन्य उत्पादन गाउँमा नै फलाउने गरेका स्थानीयले मौसमअनुसार यहीँ वरपर पाइने कुरिलो, निउरो, सिस्नोलगायत परिकार पनि खुवाउने गरेका छन् । गाउँको माथि रहेको बाघ बाँध्ने ढुङ्गा यहाँको अर्को आकर्षण भएको उहाँले बताउनुभयो । प्राचीनकालदेखिनै जमिनमा गाडिएको यो ढुङ्गा जमिनमाथि नै १० फुट अग्लो रहेको छ । यस ठाउँबाट लमजुङ हिमाल, अन्नपूर्ण, मनास्लुलगायतमा हिमशृङ्खलाहरू नाङ्गो आँखाले देख्न सकिन्छ । नगरपालिकाको रु चार लाख सहयोगमा गाउँबाट बाघ बाँध्ने ढुङ्गासम्म बाटो लगिएको छ । कृषि पर्यटनसँगै यहाँको प्रकृति, संस्कृति र धार्मिक सम्पदालाई पर्यटकीय रुपमा उपयोग गर्ने आफूहरूको दीर्घकालीन सोच रहेको उहाँको भनाइ छ ।



पुम्दीकोटको महादेव मन्दिर : पोखराको पुम्दीकोटमा रहेको महादेवको मन्दिर र महादेवको मूर्ति ।
तस्बिर : प्रदीपराज वन्त / रासस

# निर्माण ढिलाइले अलपत्र बन्दै लमजुङको निर्वाचन क्षेत्र रणनीतिक सडक

**पोखरापत्र संवाददाता**
लमजुङ, १० असोज

निर्माण व्यवसायीले समयमा काम नगर्दा बिचौर-भुम्लीचोक-फुलाङ्गिरी-जोर्ने-गौडाभञ्ज्याङ सडकको करिब आठ किलोमिटर खण्ड अलपत्र परेको छ ।

निर्माण सुरु भएको तीन वर्ष बितिसक्दा पनि उक्त सडकखण्डको भौतिक प्रगति करिब ४७ प्रतिशत मात्र भएको सडक डिभिजन कार्यालय दमौलीका सूचना अधिकारी राजेन्द्र कार्कीले बताउनुभयो । "समयमा निर्माण व्यवसायीले काम नगरेका कारण सडक निर्माणमा ढिलाइ भएको हो । अहिले पनि कामले अपेक्षित गति लिन सकेको छैन," उहाँले भन्नुभयो ।

निर्वाचन क्षेत्र रणनीतिक सडकअन्तर्गत अघि बढाइएको उक्त सडकको ताजी-ठूलोकाभ्रे खण्डलाई दुई लेनमा कालोपत्र गर्ने काम भइरहेको छ । सडक स्तरोन्नतिको जिम्मा सर्व उद्धार-ज्वान्दनबा-अंशुबी जेभीले पाएको छ । रु ४० करोड लागत अनुमान गरिएको उक्त सडक निर्माणका लागि रु २८ करोड ६५ लाखमा ठेक्का सम्झौता भएको हो । सम्झौताअनुसार विसं २०७९ असार २३ गतेदेखि निर्माण सुरु गरी २०८२ असारमा सम्पन्न गर्नुपर्ने थियो । निर्धारित समयमा काम सम्पन्न हुन नसकेपछि २०८२ पुससम्म म्याद थप गरिएको थियो । थपिएको समयमा काम सम्पन्न हुन नसकेपछि निर्माण व्यवसायीले २०८४ असारसम्म म्याद थपको माग गरेको थियो । सडक डिभिजन कार्यालयले २०८३ चैतभित्र निर्माण सम्पन्न गर्नुपर्ने गरी नयाँ मिति निर्धारण गरेको छ । "निर्माण व्यवसायीले २०८४ असारसम्म म्याद थपको माग गरेको थियो । तर २०८३ चैतभित्र काम सक्ने गरी म्याद थप गर्ने निर्णय भएको छ," उहाँले भन्नुभयो । सूचना अधिकारी कार्कीका अनुसार सो सडकमा करिब ८०० मिटर आर सिसी ढलान गर्नुपर्नेमा हालसम्म ६५० मिटर सम्पन्न भएको छ । सडकका संरचना निर्माण, माटो सम्याउने, कटिङ गर्ने, सडक चौडा बनाउनेलगायतका काम पूरा भएको उहाँले बताउनुभयो । हालसम्म रु १३ करोड १३ लाख भुक्तानी भइसकेको छ । दूधपोखरी गाउँपालिका अध्यक्ष धनप्रसाद गुरुङले सडक निर्माणमा भइरहेको ढिलाइका कारण स्थानीयवासीले लामो समयदेखि समस्या भोग्दै आएको बताउनुभयो । उहाँले सडक निर्माण समयमै सम्पन्न गर्न सम्बन्धित निकाय र निर्माण व्यवसायीलाई ताकेता गर्नुपर्ने अवस्था रहेको बताउनुभयो ।

उहाँका अनुसार सडक निर्माण सम्पन्न नहुँदा गाउँपालिकाका विभिन्न वडाका बासिन्दालाई आवतजावतमा समस्या हुनाका साथै स्थानीय उत्पादनको बजारीकरणमा कठिनाइ भइरहेको छ । दूधपोखरी गाउँपालिका-३ का वडाध्यक्ष श्याम गुरुङका अनुसार, रणनीतिक महत्वको सडक भए पनि निर्माणले गति लिन सकेको छैन । गत वैशाखदेखि सडकमा खासै काम नभएको उहाँको भनाइ छ । वडाध्यक्ष गुरुङका अनुसार सडकमा केही कामदार परिचालित भए पनि निर्माण व्यवसायीले पारिश्रमिक नदिएको गुनासो आएको छ ।

सडकको अवस्था जीर्ण हुँदा सवारी सञ्चालन तथा स्थानीयवासीको आवतजावतमा समस्या भइरहेको उहाँले बताउनुभयो । सडक डिभिजन कार्यालय दमौलीले सडक निर्माणमा पर्याप्त ध्यान नदिएको उहाँको गुनासो छ । सडक निर्माण सम्पन्न भएपछि दूधपोखरी गाउँपालिकाका विभिन्न वडाका साथै आसपासका ग्रामीण क्षेत्रका बासिन्दालाई आवतजावत गर्न सहज हुने छ ।

# बागलुङका दुई मुख्य राजमार्ग अवरुद्ध

**पोखरापत्र संवाददाता**
बागलुङ, १० असोज

बाढी तथा पहिरोका कारण बागलुङका दुई राष्ट्रिय राजमार्ग शुक्रबार साँझदेखि अवरूद्ध भएको छ ।

कालीगण्डकी करिडोर बागलुङ खण्डको जैमिनी नगरपालिका र मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको निसोखोला गाउँपालिकामा अवरुद्ध भएको छ ।

अविरल वर्षाका कारण जैमिनी नगरपालिका-८ छिस्ती बेलबगरमा पहिरो खस्दा कालीगण्डकी करिडोर सडक ठप्प भएको हो । यस्तै, मध्यपहाडी लोकमार्गअन्तर्गत बागलुङको बुर्तिवाङ-निसीखोला खण्डको निसीखोला गाउँपालिका-४ कानाबजार नजिक ठाडाखोलामा बाढी आउँदा मध्यपहाडी लोकमार्ग अवरूद्ध बनेको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रमुख तथा प्रहरी उपरीक्षक फडिन्द्र प्रसाईंले जानकारी दिनुभयो ।

दुवै राजमार्ग खुलाउन सडक डिभिजन कार्यालय, मध्यपहाडी लोकमार्ग आयोजना तथा कालीगण्डकी करिडोर कार्यालयसँग समन्वय भइरहेको बताउँदै उपरीक्षक प्रसाईंले पानी निरन्तर परिरहेकाले पहिरो खुलाउन नसकिएको र सकभर यात्रा नगर्न आग्रह गरिएको छ ।

# कांग्रेस १५औँ महाधिवेशनको केन्द्रीय निर्देशन समितिसहित विभिन्न समिति गठन

**रासस**
काठमाडौं, १० असोज

नेपाली कांग्रेसले आगामी असोज १६ देखि १९ गतेसम्म काठमाडौँमा हुने १५औँ महाधिवेशनलाई व्यवस्थित र प्रभावकारी रूपमा सम्पन्न गर्न केन्द्रीय निर्देशन समितिसहित विभिन्न समिति गठन गरेको छ ।

कांग्रेसले १५औँ महाधिवेशन व्यवस्थापनका सन्दर्भमा यसअघि नै पार्टी सभापति गगनकुमार थापाको संयोजकत्वमा महाधिवेशन मूल आयोजक समिति गठन गरेको थियो । उक्त निर्णयअनुसार महाधिवेशनका विभिन्न समितिबीच समन्वय, सहजीकरण तथा व्यवस्थापनका विषयमा आवश्यक निर्णय गर्न १५औँ महाधिवेशन केन्द्रीय निर्देशन समिति गठन गरिएको हो ।

सभापति थापाको संयोजकत्वमा रहेको केन्द्रीय निर्देशन समितिमा उपसभापतिद्वय विश्वप्रकाश शर्मा र पुष्पा भुसाल, महामन्त्रीद्वय प्रदीप पौडेल र गुरुराज घिमिरे, कोषाध्यक्ष उमेश श्रेष्ठ, केन्द्रीय सदस्य महालक्ष्मी उपाध्याय 'डिना', अर्जुनप्रसाद जोशी, मीनबहादुर विश्वकर्मा, राजेन्द्रकुमार केसी, सुवासकुमार पोखेल र सपना राजभण्डारी सदस्य रहनुभएको छ । उक्त समितिको सदस्यसचिव र प्रमुख राजनीतिक सल्लाहकारमा प्रताप पौडेललाई तोकिएको छ । त्यस्तै, महाधिवेशन व्यवस्थापनका लागि आर्थिक व्यवस्थापन समितिको संयोजकमा कोषाध्यक्ष उमेश श्रेष्ठलाई जिम्मेवारी दिइएको कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिनुभयो । यसैगरी, सूचना, सञ्चार तथा प्रविधि समितिको संयोजकमा प्रवक्ता देवराज चालिसे रहनुभएको छ भने समितिमा केन्द्रीय सदस्यद्वय हरिशरण नेपाली र अजयबाबु शिवाकोटी, डा सुरेश आचार्य, शिव लम्साल, अनिता विन्दु, मोहन गजुरेल र शशाङ्कश्री न्यौपाने रहनुभएको छ । सचिवालय व्यवस्थापन तथा सूचना समन्वय समितिको संयोजकमा उदयशमशेर राणालाई तोकिएको छ । उक्त समितिमा केन्द्रीय सदस्य नानु वास्तोला, प्रकाश पन्थ, मुना भुषाल, निपा चोखाल, ममता शर्मा, जानकी गुरुङ, डा सङ्गिता कार्की कुँवरलगायत रहनुभएको छ ।

उक्त समितिमा काठमाडौँ, ललितपुर र भक्तपुरका प्रतिनिधिसहित प्रत्येक प्रदेशबाट प्रदेश सभापतिको परामर्शमा एक-एक जना सदस्य रहने व्यवस्था गरिएको छ । त्यसैगरी, अतिथि स्वागत समितिको संयोजकमा सहमहामन्त्री डा डिला सङ्ग्रौला पन्त हुनुहुन्छ । महाधिवेशन समारोहस्थल व्यवस्थापन समितिको संयोजकमा काठमाडौँ जिल्ला सभापति तथा प्रदेश र स्थानीय तहगत समन्वय समितिको संयोजकमा सहमहामन्त्री बहादुरसिंह लामा तोकिनुभएको छ । यस्तै, जेष्ठ महाधिवेशन प्रतिनिधि समन्वय समितिको संयोजकमा सुधीर शिवाकोटी र स्वयम्सेवक व्यवस्थापन समितिको संयोजकमा केन्द्रीय सदस्य गणेश लामालाई तोकिएको छ ।

भोजन व्यवस्थापन समितिको संयोजकमा केन्द्रीय सदस्य तिलक रानाभाट, आवास व्यवस्थापन समितिको संयोजकमा केन्द्रीय सदस्य रमेशप्रसाद धमला, स्वास्थ्य समितिको संयोजकमा केन्द्रीय सदस्य डा केदार नरसिंह केसी र यातायात व्यवस्थापन समितिको संयोजकमा केन्द्रीय सदस्य विजयबहादुर स्वाँरलाई जिम्मेवारी दिइएको कांग्रेस केन्द्रीय कार्यालयले जनाएको छ ।

सांस्कृतिक-साहित्यिक संयोजन समितिको संयोजकमा केन्द्रीय सदस्य सीता गुरुङ रहनुभएको छ । उक्त समितिमा नेपाल सांस्कृतिक महासङ्घ र नेपाली लेखक सङ्घका अध्यक्षसहित दुर्गा रायमाझी, प्रकाश लामिछाने र विपिन किरण सदस्य रहनुभएको छ । यसैगरी, विधान मस्यौदा समितिमा केन्द्रीय सदस्य ईश्वरी न्यौपाने र अधिवक्ता प्रमिस खनाललाई थप गरिएको कांग्रेसले जनाएको छ ।

# बागलुङका १० स्थानीय तहमा कांग्रेसको नेतृत्व चयन

**पोखरापत्र संवाददाता**
बागलुङ, १० असोज

नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत बागलुङका १० वटै पालिकाको नेतृत्व चयन भएको छ ।

गाउँ तथा नगर अधिवेशनअन्तर्गत बागलुङका नौ स्थानीय तहमा सर्वसम्मत र एक स्थानीय तहमा मतदानमार्फत नेतृत्व चयन भएको हो । जिल्लाका ८५ वटै वडामा वडा अधिवेशनपछि वडा सभापतिसहितको नेतृत्व चयनपश्चात् १० वटै स्थानीय तहमा गाउँ तथा नगर सभापतिसहित नेतृत्व चयन पुरा भएको नेपाली कांग्रेस बागलुङका सचिव हरिहर शर्माले जानकारी दिनुभयो ।

बागलुङ नगरपालिकाको सभापतिमा नारायण पौडेल, ढोरपाटन नगरपालिकाको नगर सभापतिमा दीपक अदै र जैमिनी नगरपालिकाको सभापतिमा काशीराम आचार्य चयन सर्वसम्मत चयन हुनुभएको छ । यस्तै, गलकोट नगरपालिकामा मतदानमार्फत हिमबहादुर भण्डारी सभापतिमा निर्वाचित हुनुभएको छ । ताराखोला गाउँपालिकाको सभापतिमा भीमबहादुर रोका, बरेङ गाउँपालिका सभापतिमा मोतिराम गौतम, काठेखोला गाउँपालिका सभापतिमा ज्ञामनाथ कँडेल, बडिगाड गाउँपालिका सभापतिमा रणबहादुर भुजेल, निसीखोला गाउँपालिका सभापतिमा खिमबहादुर कार्की र तमानखोला गाउँपालिका सभापतिमा झकबहादुर बुढा चयन हुनुभएको जिल्ला सचिव हरिहर शर्माले जानकारी दिनुभयो ।

स्थानीय तहको अधिवेशन सकेर क्षत्रीय अधिवेशनको तयारीमा लागेको उहाँको भनाइ छ ।